# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**
**२०७७/०३/०८**
**छैटौं अधिवेशन**
**(अठारौं बैठक)**

**बाचन पत्र (रिडिङ्ग पेपर)**

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको अठारौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

ढ्यापढ्यापेमा माननीय दिर्घ बहादुर सोडारी

सभामुख महोदय कोरोनाको कहरले हाम्रो मुलुक थप आक्रान्त हुदै गैरहेको कुरा हामी सबैलाई थाहा नै छ सभामुख महोदय खास गरी कोरोना विषयलाई लिई रहदा सुदूरपश्चिममा ११ चैत्र देखि मुलुक लकडाउनको अवस्थामा अगाडी बढ्यो १३ गते चैत्रमा अमृत शाही पहिलो संक्रमितको रुपमा सुदूरपश्चिममा देखियो र उहा कोरोनासँग जितेर घर गैसक्नु भएको छ । आज सुदूरपश्चिममा एक हजार भन्दा धेरैको संख्यामा कोरोना संक्रमित भैसकेका छन् । दुखद समाचार भन्नु पर्छ समाजसेवी, व्यवसायी सबैलाई सहयोग गर्ने नेकपाका नेता व्यवसायी पनि हाम्रो भट्ट जी सबैलाइ थाहा छदैछ पुष्कर भट्टको असार ३ गते कोरोनाकै कारण मृत्यु भएको छ उहा प्रति म हार्द्धिक श्रद्धाञ्जली दिन चाहान्छु । उहाको परिवार प्रति समवेदना दिन चाहान्छु र कोरोनाबाट पिडित ५-५ जना सुदूरपश्चिममा ज्यान गैसकेको छ यो संख्या धेरै माथि छ । खास गरी संघीय सरकार हाम्रा सरकारहरु एकजना अमृत शाहीको देखिदा जसरी मुलुकभर लकडाउन देखि त्रायमानको अवस्था थियो ११ गते इण्डियाबाट आउने मान्छेहरुलाई कतै महाकालीमा हामफालेर आउनु पर्ने पनि अवस्था खडा भो तर दुइ महिनाको लकडाउन पछि मान्छेहरु ह्वारह्वारती घरतिर ल्यौ हामीले हाम्रा नाकाहरुमा मान्छेहरुको भिड क्वारेन्टाइनमा भिड अहिले सभामुख महोदय ती क्वारेन्टाइनमा गएकाहरु घर पनि गैसके अब हामी हाम्रो उद्देश्य त्यती अस्पतालमा कोरोना पोजेटिभ देखिएको छ तर लक्ष्यण छैन भनी सबैलाई घर पठाइरहेका छौ अर्थात यो रोग चाहि सबैलाई विस्तार होस भन्ने देखिन्छ । करिब १० हजार पिसिआर टेष्ट भैरहदा एक हजारको संख्या भन्दा बढी संख्या छ । १० प्रतिशत मानिसहरुमा सुदूरपश्चिममा कोरोनाको संक्रमण देखिएको छ । त्यस कारण यो कुरा खास गरी संघीय सरकारले जुन ढंगको नीति अवलम्वन गर्यो र हामी अगाडी बढ्यौ यसले हामीलाइ यो अवस्थाको भयाभव सृजना गरेको छ सभामुख महोदय यसमा संघीय सरकार हाम्रो प्रदेश सरकार र सबै सरकारहरुको फेरी पनि गम्भिरतम ध्यानाकर्षण गर्न चाहान्छु हामीले शुरु देखि भन्यौ पिसिआर परीक्षण गर परीक्षण गर परीक्षण गर गति यति धिमा भैरहेको छ त्यो धिमा भैरहदा खेरि खास गरी नीजि क्षेत्रका केही साथिहरुले खास गरी हाम्रो श्याम ताली लगायतका मित्रहरुले एउटा नयाँ पिसिआर मेशिन डडेल्धुरामा राख्ने स्थापना गर्दै छन नीजि क्षेत्रका व्यक्तिहरुलाइ पनि म हार्द्धिक धन्यवाद दिन चाहान्छु र यस्तो

कोरोना र लकडाउनको बीचमा पनि सभामुख महोदय अर्को नयाँ घटना घटी रहेको छ खास गरी सवारी दुर्घटना यस्तो तिब्रतम घटी रहेको छ अहिले रोड खाली छ भन्ने नाममा जसरी मानिसहरु दुर्घटना भैरहेको छ त्यसको पछिल्लो सीकार भनेको हाम्रो कैलालीको एउटा युवा गम्भिर केसीको अस्ती ३ गते लालपुरमा दुखद घटना भयो निधन भयो गम्भिर केसी हाम्रो युवासंघ अनेरास्वीयु हाम्रो पार्टीको जोशीपुर गाउँ कमीटीको सदस्य पनि हुनुहुन्छ उहाप्रति म हार्द्धिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु उहाको परिवार प्रति उहाको श्रीमती खास गरी पार्टीको नेता पनि हुनुहुन्छ उहाप्रति सबै परिवार प्रति समवेदना व्यक्त गर्न चाहान्छु धन्यवाद नमस्कार ।

माननीय भरत बहादुर खड्का

सभामुख महोदय हिजो मात्रै पूर्वीचौकी गाउँपालिका वडा नं.४ निवासी कैलालीमा अध्ययन गर्ने १८ बर्षिय टक्कर बहादुर खड्का ४ दिन देखी हराइराखेको अवस्थामा हिजो मृत अवस्थामा फेला परेका छन् यो गेटाको जंगलमा झुण्ड्याएर राखेको अवस्थामा हिजो मात्र लास फेला परेको छ । पोष्टमार्टम हुदै छ यसको गम्भिर छानविन गरेर दोषी माथि कडा भन्दा कडा कारवाही गर्न म सभामुख मार्फत सरकारलाई आग्रह गर्न चाहान्छु । बास्तवमा यस्ता घटनाहरु दिनढहाडै भैरहेको छ । अशान्ति बढेको छ एउटा पढ्ने विद्यार्थी १७-१८ बर्षको र अर्को करा हामीले बारम्बार भनेका थियौ सल्लाह दिएका थियौ प्रदेश सरकारलाई आज मलाइ त के लाग्छ भने यो कोरोनालाई फैलाउने काम स्वंय संघीय सरकारले गरेको छ सरकारहरुको गैरजिम्मेवारी क्रियाकलापले भएको छ किन भन्दा खेरी जुन नीति बनाइयो आज क्वारेन्टाइनमा राखेको छ कुनै त्यसको कन्सर्ट गरेको छैन घरमा पठाइएको छ । अस्थि मात्रै मेरो शेखर गाउँपालिका र नगरपालिकामा १४ वटा त घर पठाइएकोमा फेला परिराछ त्यस्तै अरु पनि गाउँहरुमा यस्तै किसिमका अवस्थाहरु छन् यसलाइ विस्तार गर्ने काम स्वयं सरकारबाट भएको छ । हामीले बारम्बार भनेका थियौ हामी समयमै यसलाइ व्यवस्थापन गरौ भन्दा खेरी सरकारले यस तर्फ ध्यान दिएको छैन डोटी र बैतडीमा पिसिआर मेसिन राख्ने भन्ने भनेर तीन महिना अगाडी निर्णय भएको कहा पुग्यो किन भैराखेको छैन र खुशीको कुरा डडेल्धुरामा सहयोगी हातहरुले एउटा पिसिआर मेसिन राख्दैछन् १ हप्ता पछि परीक्षण शुरु हुन्छ भन्ने सुनेका छौ उहाहरुलाइ पनि हामी हार्दिक धन्यवाद दिन चाहान्छौ र हाम्रो एउटा पुष्कर भट्ट एउटा जनप्रतिनीधि हुन कामकै कोरोनाकै जनताको सेवाको शिलशिलामा उहा कोरोनाबाट साहदत हुनु भो म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु र परिवारजन प्रति समवेदना व्यक्त गर्न चाहान्छु त्यस्तै कृष्णपुर नगरपालिकामा कल्लु राना थारु पनि कर्तव्यकै शिलशिलामा ज्यान गुमाउनु भएको छ जनप्रतिनीधीहरु पनि जोखिममा छन् मलाइ लाग्छ यही तरीकाले सरकार गयो भने मलाई लाग्छ यहा कोही पनि सुरक्षित छैन अझ पनि हामी सतर्क बनौ सरकारले यसलाइ सही व्यवस्थापन गरोस यसलाई यो पिसिआरको दायरा बढाऔ किटहरु पठाऔ जनशक्तिहरुसँग न किटहरु पुगेका छन क्वारेन्टाइनमा बसेका मान्छेलाई अब घर जाउ भनेर पठाइराख्या छ यो अवस्थाले हामी यसलाई न्यूनीकरण गर्न सक्दैनौ धन्यवाद ।

२. माननीय सदस्यहरु,

सामाजिक विकास मन्त्रालयको च.नं. ३१ मिति २०७७/०३/०५ गतेको पत्रबाट "हाल विश्वव्यापी माहामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धमा

सम्मानित सदनमा प्रश्नहरु उठेकोले सो बारेमा जानकारी गराउन मिति २०७७/०३/०८ गतेको वैठकमा समय उपलब्ध गराइदिन हुन" भनी अनुरोध भइ आएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ को उपनियम (१) बमोजिम विशेष समय उपलब्ध गराएको छु ।

३. माननीय सदस्यहरु,

अब म प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ को उपनियम (२) बमोजिम सदनमा उठेका प्रश्नहरुको सम्बन्धमा जवाफ दिन सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई अनुमति दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदी**

माननीय सभामुख महोदय सामाजिक विकास मन्त्रालयले प्रदेशमा कोभिड-१९ व्यवस्थापनको क्षेत्रमा अग्र पंतीमा रहेर कार्य गर्दै आइरहेको व्यहोरा सम्मानीत सदनलाई अनुरोध गर्न चाहान्छु । चीन लगायतका केही देशहरुमा कोभिड-१९ महामारी देखिए पश्चात कोरोना भाइरसको प्रभाव यस प्रदेशमा नहोस र कोही पनि संक्रमित नहुन भन्नका लागि प्रदेश सरकार र सरोकारवाला निकायहरु सँग पटक पटक कोभिड-१९ नियन्त्रण एवंम रोकथामका लागि छलफल आवश्यक नीति एवं कार्यक्रम तर्जुमा गर्दै आइरहेका छौ एदवी आजका मिति सम्म आइपुग्दा सुदूरपश्चिम प्रदेशमा एक हजार सात जनामा संक्रमण देखिएको छ भने ४ जना मृतकमा कोरोना संक्रमण देखिएको थियो । त्यसै गरी हिजोका मितिसम्म विभिन्न जिल्लामा क्वारेन्टाइनहरुमा तेत्तीसजना एक सय बयानब्बे जना रहेका छन् भने प्रदेशका विभिन्न अस्पतालका आइसोलेसनमा संक्रमित उपचाररथ हुनुहुन्छ म सम्मानीत सदन मार्फत मृतक सबै प्रति हार्दिक समवेदना व्यक्त गर्दै संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु । माननीय सभामुख महोदय अब म संक्षिप्त कोभिड-१९ व्यवस्थापनका लागि प्रदेश सरकारले गरेका प्रयासहरुको बारेमा सम्मानीत सदनलाई जानकारी गराउन चाहान्छु । माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा कोरोना भाइरस रोग नियन्त्रण तथा समन्वय समिति नियन्त्रण गरी प्रदेश स्तरमा आवश्यक नीतिगत निर्णयहरु गर्यौ जुन समिति हाल प्रदेश संकट व्यवस्थापन केन्द्रको रुपमा कार्यरत छ नीतिगत निर्णय कार्यान्वयन सहजीकरणका लागि प्रमुख सचिवज्यूको संयोजकत्वमा कोरोना भाइरस नियन्त्रण एवंम व्यवस्थापन समिति गठन गरी आवश्यक व्यवस्थापन गर्दै आइरहेका छौ । कोभिड-१९ व्यवस्थापन एवं उपचारमा खटिने अस्पतालको स्वास्थ्यकर्मीहरुको टीमलाई प्राविधिक सहजीकरण गर्न सेती प्रादेशीक अस्पतालका मे.सु.को संयोजक रहने गरी एक प्रादेशिक मेडिकल टीम गठन गरी आवश्यक कार्य गरी राखेका छौ । नीजि क्षेत्रहरु सँग समन्वय गर्न जिल्ला अस्पतालका मेसुहरुको संयोजकत्वमा ९ वटै जिल्लामा टीम गठन गरेका छौ र जसको कार्य नीजि अस्पताल र सरोकारवालाहरु सँग समन्वय गर्नु रहेको छ । ९ वटै जिल्लाका स्वास्थ्य कार्यालय प्रमुखहरुको संयोजकत्वमा केस अनुसन्धान कन्ट्याक्टेसिङ टीम गठन गरी स्थानीय तहमा उक्त टीमलाइ भर्चुअल विधिबाट प्राविधिक सहयोग गर्ने कार्य गरीरहेका छौ । कोभिड-१९ व्यवस्थापनका लागि आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन स्वास्थ्य निर्देशनालय डोटीलाई स्वास्थ्य सामाग्रीको सहज एवम शिघ्र आपूर्तिका लागि प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र कैलाली र प्रदेशभरी नमुना संकलन एवंम परीक्षण कार्यमा सहजीकरणको लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला धनगढी मार्फत कार्य गरिराखेका छौ । माननीय सभामुख महोदय त्यसै गरी दोस्रो चरणमा आइपुग्दा क्वारेन्टाइन आइसोलेसनमा थप उपचारका लागि हामीले स्थानीय तहसँगको सहकार्यमा क्वारेन्टाइनलाई व्यवस्थापन गरिरहेका छौ । प्रदेश सरकारका ९ वटै अस्पताल र संघीय तथा स्थानीय तह अन्तरगतका अस्पताल एवंम प्राथमिक स्वास्थ्य केन्द्रमा आइसोलेसनको व्यवस्था गरेका छौ । कोभिड-१९ को उपचार एवं व्यवस्थापनको लागि सेती प्रादेशीक

अस्पताल र महाकाली अस्पतालमा ५०-५० सैयाको कोभिड अस्थायी अस्पताल भवन निर्माण एवं संचालन गरेका छौ साथै पहाडि जिल्लाहरुका जिल्ला अस्पतालहरुमा समेत अस्थायी अस्पतालमा आवश्यक बजेटको व्यवस्था समेत गरेका छौ । त्यसै गरी तेस्रो चरण कोभिड-१९ सँग कोरोना परीक्षणको दायरा बढाएका छौ । आवश्यकता अनुसार परीक्षण सेवा विस्तार गर्न अझै प्रयासरत छौ जस अन्तरगत हामीले शुरुको चरणमा हामीले संघीय सरकारसँग समन्वय गरेर प्रत्येक जिल्लामा नमुना संकलन गरी काठमाण्डौ स्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला केन्द्रमा परीक्षण गर्ने व्यवस्था गरेका थियौ साथै आरडिटी परीक्षण विधिबाट सम्बन्धित स्थानीय तहका क्वारेन्टाइनहरुमा रहेकाहरुको नमूना संकलन एवं परीक्षण समेत गरेका थियौ । हाल संघीय सरकारसँगको समन्वयमा सेती प्रादेशिक अस्पताल मातहत रहने गरी पशुपंक्षी अन्वेषण प्रयोगशाला कैलालीमा पिसिआर प्रविधिबाट परीक्षण सेवा निरन्तर सेवा प्रवाह भैरहेको छ । हाल सम्म उक्त प्रयोगशालाबाट पाच हजार जना जतिको स्वाव परीक्षण गरिसकेका छौ । पहाडी ३ जिल्लामा पिसिआर प्रविधिबाट परीक्षण हुने व्यवस्थाको लागि बायोमोनिकुलर ल्याव सेटअफ गरी सेवा सुचारु गर्न आवश्यक तयारी एवं प्रक्रिया अगाडी बढाएको छ माननीय सभामुख महोदय यसै गरी चौथो चरणमा कोभिड-१९ व्यवस्थापनको लागि पिसिआर मेशिन भेन्टीलेटर लगायत यस सँग सम्बन्धित औजार उपकरण सामाग्रीहरुको सहज आपूर्ति गर्न आवश्यक कार्यहरु गरीरहेका छौ । जस अन्तरगत स्वास्थ्य सामाग्री वितरणको हकमा अहिले सम्म अस्पताल स्थानीय तह र अन्य सरोकारवालाहरुलाई दुइ हजार तीन सय तेइस वटा पिपिसेट, चार हजार एक सय सैतीस वटा एन नाइन्टी फाइफ माक्स, एकसय त्रियासी वटा आरआर थर्मामिटर, नब्बे हजार आठ सय पचास आरडिटी किट, एक लाख छैसठ्ठी हजार चौसठ्ठी वटा माक्स, उनानब्बे हजार आठ सय छपन्ना वटा सर्जिकल पञ्जा, आठ हजार एक सय वटा भिटिएम लगायतका अत्यावश्यक सामाग्रीहरु प्रत्येक जिल्लामा वितरण गरिसकेका छौ र केही मात्रामा मौजात पनि रहेको छ । यसै गरी आवश्यकता अनुसार सहज आपूर्तिको लागि आपूर्ति केन्द्र मार्फत खरीद गर्ने कामलाई साथै संघ र सरोकारवालासँग आवश्यक समन्वय पनि गरिरहेका छौ । यस सम्बन्धमा बैतडी, कैलाली र डोटी गरी तीन वटा जिल्लामा बायोमोलेकुलर प्रयोगशाला सेटअफका लागि पसिआर सहित बायो सेफ्टीलेवल दुइ प्रयोगशाला उपकरण मेशिन सहित १४ प्रकारका आवश्यक औजार उपकरण सामाग्रीहरु खरीदका लागि ३ दिन भित्र प्रस्ताव माग गरीएको र ७ दिन भित्र माल सामान आपूर्ति गर्ने सर्तमा मिति २०६७ साल चैत्र १५ गते भित्र नै राष्ट्रिय राजधानी दैनिकमा सूचना प्रकाशित गरेका थियौ । तोकिएको समय भित्र विभिन्न दश जना आपूर्तिकर्ताले आफ्नो दावी पेश गरेका थिए तर हामीले माग गरेका सामानहरु मध्ये केही आइटमहरुको लागि मात्र आपूर्तिकर्ताले प्रस्ताव पेश गरे ती मध्य पनि पिसिआर मेशिन आयोसेट मसिन नभइ नहुने सामानका लागि चार जनाले मात्रै प्रस्ताव गरेका थिए तर आपूर्ति गर्ने समयावधी भने ६० दिन हुनु पर्ने, लकडाउन पूर्ण रुपमा खुल्नु पर्ने, अन्तराष्ट्रिय उडानहरु सञ्चालनमा आउनु पर्ने वा कार्यालयले उडानको व्यवस्था गरीदिनु पर्ने लगायतका शर्तहरु राखेका थिए तथापी नीजि अस्पतालहरुले प्रस्ताव गरेका मोडेलहरुको गुणस्तरीयतामा विश्वास गर्न सकिएन र सबै प्रस्तावहरु अस्वीकृत भए त्यसै गरी प्रदेशमा कोभिड-१९ को उच्च जोखिमलाइ मध्यनजर गर्दै स्वाव संकलनको कार्यलाई तिब्रता दिनको लागि भएको एक मात्रै प्रयोगशालाको परीक्षण क्षमता न्यून रहेकोले सेवा विस्तारको लागि अटोमेटिक एक्सरटेसिन मेशिनको समेत आवश्यकता महसुस गरी १५ दिन भित्र औजार उपकरण तथा आवश्यक सामाग्री आपुर्ति गर्ने गरी २०७७।०२।२६ गते कान्तिपुर राष्ट्रिय दैनीकमा १० दिने विद्युतिय बोल पत्र आवह्वानको सूचना प्रकाशित गरिएकोमा २०७७ असार ४ गते उक्त बोलपत्र खोलिएको थियो अन्तराष्ट्रिय उडानहरु आवदिक रुपमा संचालन भैरहेको हुदा यसबाट भने

आपूर्ति कर्ताले आपुर्ति गर्नेमा विश्वास गर्न सकिन्छ । भेण्टीलेटर सहितको आइसियु स्थापनाका लागि उपकरण खरीदको हकमा अन्तराष्ट्रिय बजारमा अत्याधिक मागका कारण मौजातमा नरहेको माग भए पछि मात्रै कम्पनीहरुले उत्पादन गर्ने गरेको र कम्तीमा ६०-७० दिन पछि मात्र आपूर्ति गर्न सकिने हुनाले तत्कालै खरीद गर्न सम्भावना नरहे पनि उपलब्धताका लागि सरोकारवालाहरु सँग निरन्तर समन्वयमा रहेको कुरा सम्मानीत सदन मार्फत माननीय सदस्यज्यूहरुलाई जानकारी गराउन चाहान्छु । यद्यपी ६० दिन भित्र २० वटा भेण्टीलेटर सहितको आइसियु स्थापनाका लागि चाहिने सम्पूण उपकरण आपूर्ति गर्ने गरी २०७७ बैशाख २८ गते अन्नपुर्ण राष्ट्रिय दैनिकमा विद्युतिय बोलपत्र आवह्वानको लागि ३० दिने सूचना प्रकाशित गरेकोमा मिति २०७७।०२।२७ गते बोल पत्र खोलिएको र २ वटा प्याकेजको लागि ९ वटा बोलपत्र दाताहरुले बोलपत्र पेश गरेका छन् र बोलपत्रहरुको मुल्यांकन प्रक्रिया अन्तिम चरणमा रहेको समेत जानकारी गराउन चाहान्छु । माननीय सभामुख महोदय पाचौ चरणमा कोभिड-१९ व्यवस्थापनको लागि प्रदेश भरीका ८८ वटै स्थानीय तह तथा कार्यालय र सरोकारवाला निकायहरुलाई वित्तीय सहजीकरण गरेका थियौ । कोभिड-१९ व्यवस्थापनको लागि पहिलो पटक ३३ वटा नगरपालिकालाई ४ लाखका दरले, ५४ वटा गाउँपालिकालाइ ३ लाखका दरले, धनगढी उपमहानगरपालिकालाई छुट्टै ५ लाख गरी कुल २ करोड ९९ लाख बजेट पठाएका थियौ । दोस्रो पटकमा दोहोरो नपर्ने गरी ९ वटै जिल्लाका नागरिकहरुलाई राहत उपलब्ध गराउन भनी ८८ वटै स्थानीय तहलाई १५ करोड २६ लाख बजेट पठाएका थियौ । त्यसै गरी मिति २०७७।०२।२३ गते मन्त्रीपरिषद्को निर्णयबाट ८८ वटै स्थानीय तहमा आइसोलेसन व्यवस्थापन गर्नका लागि तेस्रो पटकमा रु.६ करोड २५ लाख २५ हजार ससस्त्र अनुदान पठाएका छौ । हालसम्म स्थानीय तहहरुमा मात्र कोभिड-१९ को प्रभावकारी नियन्त्रण व्यवस्थापनको लागि प्रदेश सरकारबाट २४ करोड २५ लाख २ हजार ५ सय रुपैया पठाइसकिएको छ । माननीय सभामुख महोदय साथै कोभिड-१९ व्यवस्थापनको लागि आवश्यक औजार उपकरण सहित व्यक्तिगत सुरक्षा सामाग्री, स्थानीय संरचना निर्माण लगायतका लागि मन्त्रालय मातहतका ३० वटा स्वास्थ्य निकायहरुमा ३१ करोड १० लाख ८० हजार रकम पठाएका छौ । सोही अनुरुप प्रचलित नियमानुसार आवश्यक कार्यहरु समेत भैरहेको छ । साथै ९ वटै जिल्लाका जिल्ला प्रशासन कार्यालय, प्रदेश प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना प्रदेश हेडक्वाटर दिपायललाई समेत केही रकमहरु पठाइसकेका छौ । माननीय सभामुख महोदय हाल प्रयोगशालाको दायरा, अस्पतालको उपचार क्षमता बढाउने औजार उपकरणको सहज आपूर्ति गर्न आवश्यक कार्यहरु गरिरहेका छौ । माननीय सभामुख महोदय रोजगारीका लागि भारत तर्फ गएका दिदीबहिनीहरु दाजुभाइहरु फर्कने क्रम हाल पनि निरन्तर रहीरहेको छ त्यस क्रममा कंचनपुरको गड्डाचौकी, कैलालीको गौरीफण्टा, बैतडीको झुलाघाट र दार्चुला सीमा नाका भएर हालसम्म कैलालीमा ३२ हजार ७ सय ८२ जना, कंचनपुरमा १४ हजार ९ सय ८९ जना, डडेल्धुरामा ६ हजार ७ सय २० जना, डोटीमा १३ हजार ८ सय २९ जना, अछाम १० हजार ९ सय ८८ जना४४ बैतडीमा १९ हजार ९ सय ३९ जना, दार्चुलामा २ हजार ७ सय ९० जना, बझाङमा ५ हजार ४ सय ७९ जना, बाजुरामा ६ हजार १ सय गरि जम्मा १ लाख १३ हजार ६ सय ९६ र त्यसै गरी अन्य प्रदेशबाट भित्रिने १७ हजार ४ सय ३१ जना र ठेगाना छुट्याउन बाँकी रहेका १ लाख १४ हजार ६ सय ८२ गरी जम्मा २ लाख ५४ हजार ७ सय ७९ जना उपरोक्त नाकाबाट भित्रिएको देखिन्छ । यसको कारण पछिल्लो समय दिन प्रतिदिन कोरोना संक्रमितको संख्या थपिदै जानुले कोरोना नियन्त्रणमा चुनौति थपिएता पनि प्रदेश सरकार यसको रोकथाम, नियन्त्रण र व्यवस्थापनमा गम्भिर ढंगले लागि परेको कुरा सम्मानीत सदनलाई जानकारी गराउन चाहान्छु ।

माननीय सभामुख महोदय प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोभिड-१९ व्यवस्थापन र यसले पार्न सक्ने सम्भावित असर न्यूनीकरणका लागि दीर्घकालिन रणनीतिका साथ लागि परेको र कोभिड-१९ नियन्त्रण, व्यवस्थापन अन्तरगत क्वारेन्टाइन, आइसोलेसन, प्रयोगशाला तथा उपचार सम्बन्धी संघीय सरकारबाट प्राप्त नीति निर्देशिका अनुसार कार्य सम्पादन गरिरहेको जानकारी गराउदछु । हाल घरायसी क्वारेन्टाइन, क्वारेन्टाइन र आइसोलेसन उपचारमा रहेका सम्पूर्णलाई सरकारले दिएका सुझावहरुको धैर्य धारणका साथ उच्च मनोवल सहित सावधानी अपनाइ नीति निर्देशनको उत्कृष्ट रुपमा पालना गरिदिन हुन समेत अनुरोध गर्दै प्रदेशमा कोभिड-१९ व्यवस्थापन कार्यको लागि अवरत्र खटीनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी, स्वयसेवक एवंम अन्य सरोकारवालाहरुलाई प्रदेश सरकार एवं मेरो व्यक्तिगत तर्फबाट समेत सम्मानीत सदन मार्फत विशेष धन्यवाद तथा हार्दिक आभार व्यक्त गर्दछु धन्यवाद ।

४. माननीय सदस्यहरु,
आजको विशेष समय यही समाप्त हुन्छ ।

५. माननीय सदस्यहरु,
"नेपाल सरकारबाट कालापानी, लिम्पियाधुरा र लिपुलेक सहित राखिएको नेपालको नयाँ नक्सा जारी भई संविधानमा रहेको निशाना छाप समेतमा उक्त नक्सा राखी संविधान संशोधन भईसकेको हुँदा संशोधित सुदूरपश्चिम प्रदेशको नक्सा प्रदेशको लोगोमा समावेश गरियोस भनी यो प्रस्ताव पेश गर्दछु" भनी प्रस्तावक माननीय बलदेव रेग्मी र समर्थक माननीय श्यामलाल राना थारु र माननीय मालामती कुमारी राना भएको संशोधन प्रस्ताव सचिवालयमा दर्ता हुन आएको जानकारी गराउदछु ।

६. माननीय सदस्यहरु,
अब म उक्त प्रस्तावका प्रस्तावक माननीय बलदेव रेग्मीलाई सभा समक्ष प्रस्ताव पेश गर्न अनुमती दिन्छु ।
प्रदेशको लोगो संशोधन सम्बन्धी प्रस्ताव

विषय - लोगो संशोधन सम्बन्धमा प्रस्ताव ।

माननीय सभामुखज्यू
प्रदेश सभा सुदूरपश्चिम प्रदेश

नेपाल सरकारबाट कालापानी, लिम्पियाधुरा र लिपुलेक सहित राखेको नेपालको नयाँ नक्शा जारी भइ संविधानमा रहेको निशाना छाप समेतमा उक्त नक्शा राखी संविधान संशोधन भैसको हुदा संशोधित सुदूरपश्चिम प्रदेशको नक्शा प्रदेशको लोगोमा समावेश गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

७. माननीय सदस्यहरु,
अब म उक्त प्रस्तावका समर्थक माननीय श्यामलाल राना थारुलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।
माननीय सभामुख महोदय माननीय बलदेव रेग्मी ज्यूले यस सदनमा राखु भएको प्रस्तावको म समर्थन गर्दछु धन्यवाद ।

८. माननीय सदस्यहरु,
अब म उक्त प्रस्तावका अर्का समर्थक माननीय मालामती कुमारी रानालाई प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।
माननीय सभामुख महोदय लोगो संशोधन सम्बन्धी प्रस्तावमा माथि उल्लेखित भए बमोजिम माननीय बलदेव

रेग्मी प्रस्तावक हुनु भएको यस प्रस्तावको समर्थन गर्दछु धन्यवाद ।

९. माननीय सदस्यहरु,

अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले"हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस।

("हुन्छ"भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस।

("हुन्न"भनेपछि)

"हुन्न"भन्ने आवाज सुनिएन तसर्थ "संशोधित सुदूरपश्चिम प्रदेशको नक्सा प्रदेशको लोगोमा समावेश गरियोस" भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

१०. माननीय सदस्यहरु,

अब "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक"माथिको कार्वाही प्रारम्भ हुन्छ ।

११. माननीय सदस्यहरु,

अब म विधायन तथा प्रदेश मामिला समितिका सभापति माननीय नेपालु चौधरीलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" माथि दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

मिति २०७७/०३/०३

माननीय सभामुखज्यू
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल।

विषय: "**स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयक** " सम्बन्धी प्रतिवेदन ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७७।२।१७ गते बसेको छैटौ अधिवेशनको पाँचौं बैठकको निर्णय अनुसार "**स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयक**" लाई यस विधायन तथा प्रदेश मामिला समितिको मिति २०७७।२।२२ मा ४१औं, मिति २०७७।२।२४ मा ४२औं, २०७७।०२।२५ मा ४३औं, २०७७।०२।२६ मा ४४औं, २०७७।०२।२८ मा ४५औं, २०७७/२/३१ मा

४६ औं, मिति २०७७/३/२ मा ४७ औं र मिति २०७७/०३/०३ मा ४८ औं बैठक बसि विस्तृत रुपमा दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गरिएको छ ।

दफावार छलफलका बैठकका क्रममा देहाय बमोजिमका माननीय मन्त्रीज्यू, माननीय सदस्यज्यूहरु, सचिवालयका सचिवज्यू एवम् कानून उपसचिवहरुको उपस्थिति रहेको थियो।

**<u>देहाय</u>**

| | |
|---|---|
| १. माननीय रण बहादुर रावल | - सदस्य |
| २. माननीय तारालामा तामाङ्ग | - सदस्य |
| ३. माननीय प्रकाश रावल | - सदस्य |
| ४. माननीय विरमान चौधरी | - सदस्य |
| ५. माननीय लिलाधर भट्ट | - सदस्य |
| ६. माननीय शान्ति नेपाली | - सदस्य |
| ७. माननीय श्याम लाल राना | - सदस्य |
| ८. माननीय उमा कुमारी वादी | - सदस्य |
| ९. माननीय मालामति कुमारी राना | - सदस्य |
| १०. माननीय कुलविर चौधरी | - सदस्य |

**<u>विशेष आमन्त्रीत</u>**

आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह

**<u>आमन्त्रीत</u>**

राम सिंह धामी- सचिव प्रदेश सभा, सुदूरपश्चिम प्रदेश

तेज प्रकाश जोशी - उपसचिव(कानून) आन्तरिक मामिला तथा कानून मन्त्रालय

दफावार छलफल समाप्त भए पश्चात प्रस्तुत विधेयकमा देहाय बमोजिम संशोधन हुनको लागि निर्णयार्थ सभामा प्रस्तुत गर्ने यस समितिको सर्वसम्मत निष्कर्ष रहेको व्यहोरा माननीय सभामुखज्यू समक्ष अनुरोध गर्दछु ।

## संशोधन तथा थप हुनुपर्ने विषयहरु

| क्रसं। | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था |
|---|---|---|---|
| १ | दफा २ को उपदफा ४ पछि उपदफा ५ थप गरिएको | - | (५) उपदफा १,२ र ३ बमोजिमका पदाधिकारीहरुले अनुसूचीहरुमा उल्लेख भएका सुविधाहरु २०७६ साल कार्तिक महिनादेखी पाउने छन् । |
| २ | अनुसूची-१ (क) को क्रम संख्या १,२,३,४,५,६ र ९ मा संशोधन गरिएको क्र.सं. १० लाई संशोधन गरी क्र.सं. ११,१२ र १३ थप गरिएको | (तल हेर्नुहोस्: विधेयकमा रहेको साविक व्यवस्था) | (तल हेर्नुहोस्: संशोधन वा थप हुनुपर्ने व्यवस्था) |
| ३ | नोटको क्र.सं.१ र ३ मा संशोधन क्र.सं.२ र ४ हटाइएको क्र.सं. ३ लाई क्र.सं. २ बनाइएको र संशोधन गरिएको क्र.सं.४ लाई क्र.सं. ३ बनाइएको तथा संशोधन गरिएको क्र.सं. ४,५,६ थप गरिएको | | |

**विधेयकमा रहेको साविक व्यवस्था**

अनुसूची(क)ज्ञ-
(संग सम्बन्धित (ज्ञ) को उपदफा घ दफा)
गाउँ कार्यपालिकाका अध्यक्षवडाध्यक्ष र गाउँ कार्यपालिकाका सदस्यको सुविधा ,उपाध्यक्ष ,

| क्र .सं. | सुविधाको प्रकार | इकाइ | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष | का .पा. सदस्य |
|---|---|---|---|---|---|---|
| 1. | बैठक भत्ता (प्रति बैठक) | रु. | २५०० | २५०० | २००० | १५०० |
| २. | यातायात खर्च (प्रति वैठक) | रु. | - | १००० | १००० | ५०० |
| ३. | टेलिफोन ,मोबाइल (मासिक) | रु. | ४००० | ३००० | १५०० | १००० |
| 4. | पुस्तक ,पत्रपत्रिका , (मासिक) इन्टरनेट | रु. | ३००० | २००० | १५०० | ५०० |
| ५. | अनुगमन भत्ता आफ्नो स्थानीय ) /तहभित्रप्रति अनुगमन( | रु. | २५०० | २००० | १५०० | - |
| ६. | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ३५०० | ३००० | - |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तह भन्दा बाहिर/प्रतिदिन) | रु. | १६०० | १६०० | १२०० | १२०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १५० | १२५ | १२५ |
| ९ | सवारी साधन | सरकारी सवारी साधन | १ | - | - | - |
| १० | यात्रा दुर्घटना विमा सरकारी कामको ) | रु. | १० लाख | १० लाख | ८ लाख | ८ लाख |

**संशोधन वा थप हुनुपर्ने व्यवस्था**

अनुसूची(क) ज्ञ-
(संग सम्बन्धित (ज्ञ) को उपदफा घ दफा)
गाउँ कार्यपालिकाका अध्यक्षवडाध्यक्ष र गाउँ कार्यपा ,उपाध्यक्ष ,लिकाका सदस्यको सुविधा

| क्र .सं. | सुविधाको प्रकार | इकाइ | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष | का .पा. सदस्य |
|---|---|---|---|---|---|---|
| 1. | बैठकभत्ता (प्रति बैठक) | रु. | १००० | १००० | १००० | १००० |
| २. | यातायात खर्च (प्रति वैठक ) | रु. | - | - | - | ५०० |
| ३. | टेलिफोन मोबाइल , (मासिक) | रु. | ६००० | ५००० | ३५०० | ३००० |
| 4. | पुस्तक ,पत्रपत्रिका , (मासिक) इन्टरनेट | रु. | ५००० | ४५०० | ४००० | ३००० |
| ५. | समन्वय तथा सहजीकरण भत्ता आफ्नो स्थानीय ) (तहभित्र (मासिक) | रु. | ९००० | ७००० | ६००० | ५००० |
| ६. | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ९००० | ७००० | - |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तह भन्दा बाहिर/प्रतिदिन) | रु. | १६०० | १६०० | १२०० | १२०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १५० | १२५ | १२५ |
| ९ | सवारी साधन | संख्या | १ | - | - | - |
| १० | यात्रा दुर्घटना विमा सरकारी कामको ) (सिलसिलामा | रु. | १० लाख | १० लाख | १० लाख | १० लाख |
| ११ | खानेपानी/ विजुली/ | रु. | ३५०० | ३००० | २००० | २००० |

| | | | |
|---|---|---|---|
| (सिलसिलामा | | | | | | |

**नोटः** .सं.क्र (१) -१ को हकमा एक महिनामा बढीमा ४ वटा बैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।
(२) क्र .सं.५को हकमा आफ्नो स्थानीय तह वा वडाभित्रको विकास निर्माण वा सेवा प्रवाहको सम्वन्धमा एक महिनामा बढीमा ४ पटकसम्म गरिएको अनुगमनको लागि मात्र उल्लिखित रकम भुक्तानी गर्नुपर्नेछ ।
)३ .सं.क्र (७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।
)४ .सं.सम्वन्धित स्थानीय तहवाट कुनैपनि सवारीसाधन उपलव्ध नभएको खण्डमा मात्र क्र (२ बमोजिमको यातायात खर्च उपलव्ध गराउनु पर्नेछ । सम्वन्धित स्थानीय तहवाट सवारी साधन उपलव्ध गराएको पदाधिकारीहरुले पाउने मासिक इन्धन र मोविलको हकमा सम्वन्धित सभाको निर्णय बमोजिम गर्नु पर्नेछ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सरसफाई (मासिक) | | | | | |
| १२ | चाडपर्व खर्च (वार्षिक) | रु | २५००० | २२५०० | १६००० | ९००० |
| १३ | यातायात खर्च (मासिक) | रु. | १०००० (सुविधाको सवारी साधन उपलब्ध नभएमा) | ९००० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | २००० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | - |

नोटः .सं.क्र (१) -१ को <u>**भत्ताको**</u> हकमा एक महिनामा बढीमा २ वटा बैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।
(२) क्र .सं.७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।
)३ सम्वन्धित स्थानीय तहवाट कुनैपनि सवारीसाधन उपलव्ध नभएको (कार्यपालिका सदस्यलाई मात्र क्र .सं.२ बमोजिमको यातायात खर्च उपलव्ध गराउनु पर्नेछ ।
(४) क्र.सं. ९ बमोजिम ४ पाङ्ग्रे सवारी साधन उपलब्ध भएको खण्डमा अध्यक्षलाई अधिकतम १५० लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर, क्र.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उपाध्यक्षलाई अधिकतम १२५ लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर र वडा अध्यक्षलाई दुइ पाङ्ग्रे सवारी साधनको लागि अधिकतम २० लि. इन्धन मासिक र तीन महिनामा मोविल एक लिटर भन्दा नबढ्ने गरी उपलब्ध गराउन गाउँ सभाले निर्णय गर्न सक्नेछ ।
(५) ईन्धन सुविधा लिने पदाधिकारीहरुले अनुसूचीको क्र.सं. १३ बमोजिम यातायात खर्चको सुविधा पाउने छैनन् ।
(६) न्यायिक समितिलाई आवश्यक खर्चको व्यवस्थापन गाउँ सभाले निर्णय गरे बमोजिम हुनेछ ।

---

४ **अनुसूची-१ (ख) क्रम संख्या १,२,३,४,५,६ र ९ मा संशोधन गरिएको क्र.सं. १० लाई संशोधन गरी क्र.सं. ११,१२ र १३ थप गरिएको**

**अनुसूची(ख) ज्ञ-**
**(संग सम्बन्धित (ज्ञ) को उपदफा घ दफा)**
<u>**नगर कार्यपालिकाका प्रमुखवडाध्यक्ष र कार्यपालिका सदस्यको सुविधा ,उपप्रमुख ,**</u>

| क्र .सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का .पा. सदस्य |
|---|---|---|---|---|---|---|
| 1. | बैठक भत्ता (प्रति बैठक) | रु. | २५०० | २५०० | २००० | १५०० |
| २. | यातायात खर्च (प्रति बैठक) | रु. | - | १००० | १००० | ५०० |
| ३. | टेलिफोन मोबाइल , (मासिक) | रु. | ४००० | ३००० | १५०० | १००० |
| 4. | पुस्तक ,पत्रपत्रिका , (मासिक) इन्टरनेट | रु. | ३००० | २००० | १५०० | ५०० |
| ५. | अनुगमन भत्ता आफ्नो स्थानीय ) /तहभित्रप्रति | रु. | २५०० | २००० | १५०० | - |

**अनुसूची(ख) ज्ञ-**
**(सम्बन्धित संग (ज्ञ) को उपदफा घ दफा)**
<u>**नगर कार्यपालिकाका प्रमुखवडाध्यक्ष र कार्यपालिका सदस्यको सुविधा ,उपप्रमुख ,**</u>

| क्र .सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का .पा. सदस्य |
|---|---|---|---|---|---|---|
| 1. | बैठकभत्ता (प्रति बैठक) | रु. | १००० | १००० | १००० | १००० |
| २. | यातायात खर्च (प्रति वैठक ) | रु. | - | - | - | ५०० |
| ३. | टेलिफोन मोबाइल , (मासिक) | रु. | ६००० | ५००० | ३५०० | ३५०० |
| 4. | पुस्तक ,पत्रपत्रिका , (मासिक) इन्टरनेट | रु. | ५००० | ४५०० | ४००० | ३५०० |
| ५. | समन्वय तथा सहजीकरण भत्ता आफ्नो स्थानीय ) (तहभित्र (मासिक) | रु. | ९००० | ७००० | ६००० | ६००० |

५

**नोटको क्र.सं.१ र ३ मा संशोधन क्र.सं.२ र ४ हटाइएको क्र.सं. ३ लाई क्र.सं. २ बनाइएको र संशोधन गरिएको क्र.सं.४ लाई क्र.सं. ३ बनाइएको तथा संशोधन गरिएको क्र.सं. ४,५,६ थप गरिएको**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुगमन( | | | | | |
| ६. | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ३५०० | ३००० | - |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तह भन्दा बाहिर/प्रतिदिन) | रु. | १६०० | १६०० | १२०० | १२०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १५० | १२५ | १२५ |
| ९ | सवारी साधन | सरकारी सवारी साधन | १ | - | - | - |
| १० | यात्रा दुर्घटना विमा सरकारी)कामको सिलसिलामा( | रु. | १० लाख | १० लाख | ८ लाख | ८ लाख |

नोटः .सं.क्र (१) -१ को हकमा एक महिनामा बढीमा ४ वटा बैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) क्र .सं.५को हकमा आफ्नो स्थानीय तह वा वडाभित्रको विकास निर्माण वा सेवा प्रवाहको सम्वन्धमा एक महिनामा बढीमा ४ पटकसम्म गरिएको अनुगमनको लागि मात्र उल्लिखित रकम भुक्तानी गर्नुपर्नेछ।

)३ .सं.क्र (७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

)४खण्डमा मात्र सम्वन्धित स्थानीय तहवाट कुनैपनि सवारीसाधन उपलव्ध नभएको ( क्र .सं.२ बमोजिमको यातायात खर्च उपलव्ध गराउनु पर्नेछ । सम्वन्धित स्थानीय तहवाट सवारीसाधन उपलव्ध गराएको पदाधिकारीहरुले पाउने मासिक इन्धन र मोविलको हकमा सम्वन्धित सभाको निर्णय बमोजिम गर्नु पर्नेछ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **६.** | **अतिथि सत्कार (मासिक)** | **रु.** | **१००००** | **९०००** | **७०००** | **-** |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तह भन्दा बाहिर/प्रतिदिन) | रु. | १६०० | १६०० | १२०० | १२०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १५० | १२५ | १२५ |
| **९** | **सवारी साधन वा यातायात खर्च** | **संख्या** | **१** | **-** | **-** | **-** |
| **१०** | **यात्रा दुर्घटना विमा सरकारी कामको ) (सिलसिलामा** | **रु.** | **१० लाख** | **१० लाख** | **१० लाख** | **१० लाख** |
| **११** | **खानेपानी/ विजुली/ सरसफाई (मासिक)** | **रु.** | **३५००** | **३०००** | **२०००** | **२५००** |
| **१२** | **चाडपर्व खर्च (वार्षिक)** | **रु** | **२७५००** | **२५०००** | **१८०००** | **१००००** |
| **१३** | **यातायात खर्च (मासिक)** | **रु.** | **-** | **१०००० (सरकारी सवारी साधन उपलब्ध नभएमा)** | **२५०० (सरकारी सवारी साधन उपलब्ध नभएमा)** | **-** |

नोटः .सं.क्र (१) -१ को **भत्ताको** हकमा एक महिनामा बढीमा २ वटा बैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) क्र .सं.७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

)३ सम्वन्धित स्थानीय तहवाट कुनैपनि सवारीसाधन उपलव्ध नभएको (कार्यपालिका सदस्यलाई मात्र क्र .सं.२ बमोजिमको यातायात खर्च उपलव्ध गराउनु पर्नेछ ।

(४) क्र.सं. ९ बमोजिम ४ पाङ्ग्रे सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम १७० लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर, क्र.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उपप्रमुखलाई अधिकतम १५० लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर र वडा अध्यक्षलाई दुइ पाङ्ग्रे सवारी साधनको लागि अधिकतम २५ लि. इन्धन मासिक र तीन महिनामा मोविल एक लिटर भन्दा नबढ्ने गरी उपलब्ध गराउन नगर सभाले निर्णय गर्न सक्नेछ ।

(५) ईन्धन सुविधा लिने पदाधिकारीहरुले अनुसूचीको क्र.सं. १३ बमोजिम यातायात खर्चको सुविधा पाउने छैनन् ।

(६) न्यायिक समितिलाई आवश्यक खर्चको व्यवस्थापन नगर सभाले निर्णय गरे बमोजिम हुनेछ ।

| | | | |
|---|---|---|---|
| ६ | **अनुसूची-१ (ग) क्रम संख्या** | **अनुसूची(ग)ज्ञ- (संग सम्बन्धित (ज्ञ) को उपदफा घ दफा)** | **अनुसूची(ग) ज्ञ- (संग सम्बन्धित (ज्ञ) को उपदफा घ दफा)** |

७

**१,२,३,४,५,६ र ९ मा संशोधन गरिएको क्र.सं. १० लाई संशोधन गरी क्र.सं. ११,१२ र १३ थप गरिएको**

**नोटको क्र.सं.१ र ३ मा संशोधन क्र.सं.२ र ४ हटाइएको क्र.सं. ३ लाई क्र.सं. २ बनाइएको र संशोधन गरिएको क्र.सं.४ लाई क्र.सं. ३ बनाइएको तथा संशोधन गरिएको क्र.सं. ४,५,६ थप गरिएको**

<u>उपमहानगर कार्यपालिकाका प्रमुखवडाध्यक्ष र कार्यपालिका सदस्यको सुविधा ,उपप्रमुख ,</u>

| क्र .सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का .पा. सदस्य |
|---|---|---|---|---|---|---|
| 1. | बैठक भत्ता (प्रति बैठक) | रु. | २५०० | २५०० | २००० | १५०० |
| २. | यातायात खर्च (प्रति वैठक) | रु. | - | १००० | १००० | ५०० |
| ३. | टेलिफोन मोबाइल , (मासिक) | रु. | ८००० | ५५०० | ४००० | २००० |
| 4. | पुस्तक ,पत्रपत्रिका , (मासिक) इन्टरनेट | रु. | ८००० | ५५०० | ३००० | २००० |
| ५. | अनुगमन भत्ता आफ्नो स्थानीय ) /तहभित्रप्रति अनुगमन( | रु. | ३००० | २५०० | १५०० | - |
| ६. | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ६५०० | ३००० | - |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तह भन्दा बाहिर/प्रतिदिन) | रु. | २१०० | २००० | १६०० | १६०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १७५ | १७५ | १५० | १५० |
| ९ | सवारी साधन | सरकारी सवारी साधन | १ | - | - | - |
| १० | यात्रा दुर्घटना विमा सरकारी कामको ) (सिलसिलामा | रु. | १० लाख | १० लाख | ८ लाख | ८ लाख |

नोटः .सं.क्र (१) -१ को हकमा एक महिनामा बढीमा ४ वटा बैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।
(२) क्र .सं.५को हकमा आफ्नो स्थानीय तह वा वडाभित्रको विकास निर्माण वा सेवा प्रवाहको सम्वन्धमा एक महिनामा बढीमा ४ पटकसम्म गरिएको अनुगमनको लागि मात्र उल्लिखित रकम भुक्तानी गर्नुपर्नेछ।
)३ .सं.क्र (७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।
)४ .सं.सम्वन्धित स्थानीय तहवाट कुनैपनि सवारीसाधन उपलव्ध नभएको खण्डमा मात्र क्र (२ बमोजिमको यातायात खर्च उपलव्ध गराउनु पर्नेछ । सम्वन्धित स्थानीय तहवाट सवारीसाधन उपलव्ध गराएको पदाधिकारीहरुले पाउने मासिक इन्धन र मोविलको हकमा सम्वन्धित

<u>उपमहानगर कार्यपालिकाका प्रमुखवडाध्यक्ष र कार्यपालिका सदस्यको सुविधा ,उपप्रमुख ,</u>

| क्र .सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का .पा. सदस्य |
|---|---|---|---|---|---|---|
| **1.** | **बैठकभत्ता (प्रति बैठक)** | **रु.** | **१०००** | **१०००** | **१०००** | **१०००** |
| **२.** | **यातायात खर्च (प्रति वैठक )** | **रु.** | **-** | **-** | **-** | **५००** |
| **३.** | **टेलिफोन मोबाइल , (मासिक)** | **रु.** | **६०००** | **५०००** | **३५००** | **३५००** |
| **4.** | **पुस्तक ,पत्रपत्रिका , (मासिक) इन्टरनेट** | **रु.** | **५०००** | **४५००** | **४०००** | **५०००** |
| **५.** | **समन्वय तथा सहजीकरण भत्ता आफ्नो स्थानीय ) (तहभित्र (मासिक)** | **रु.** | **९०००** | **७०००** | **६०००** | **६५००** |
| **६.** | **अतिथि सत्कार (मासिक)** | **रु.** | **१००००** | **९०००** | **७०००** | **-** |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तह भन्दा बाहिर/प्रतिदिन) | रु. | २१०० | २००० | १६०० | १६०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १७५ | १७५ | १५० | १५० |
| **९** | **सवारी साधन** | **संख्या** | **१** | **-** | **-** | **-** |
| **१०** | **यात्रा दुर्घटना विमा सरकारी कामको ) (सिलसिलामा** | **रु.** | **१० लाख** | **१० लाख** | **१० लाख** | **१० लाख** |
| **११** | **खानेपानी/ विजुली/ सरसफाई (मासिक)** | **रु.** | **३५००** | **३०००** | **२०००** | **२०००** |
| **१२** | **चाडपर्व खर्च (वार्षिक)** | **रु** | **२९०००** | **२७५००** | **२००००** | **१५०००** |
| **१३** | **यातायात खर्च (मासिक)** | **रु.** | **-** | **१०००० (सरकारी सवारी साधन उपलब्ध नभएमा)** | **२५०० (सरकारी सवारी साधन उपलब्ध नभएमा)** | **-** |

नोटः .सं.क्र (१) -१ को **<u>भत्ताको</u>** हकमा एक महिनामा बढीमा २ वटा बैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।
(२) क्र .सं.७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

सभाको निर्णय बमोजिम गर्नु पर्नेछ ।

)३ सम्वन्धित स्थानीय तहवाट कुनैपनि सवारीसाधन उपलव्ध नभएको (कार्यपालिका सदस्यलाई मात्र क .सं.२ बमोजिमको यातायात खर्च उपलव्ध गराउनु पर्नेछ ।

(४) क.सं. ९ बमोजिम ४ पाङ्ग्रे सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम २०० लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर, क.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उपप्रमुखलाई अधिकतम १७५ लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर र वडा अध्यक्षलाई दुइ पाङ्ग्रे सवारी साधनको लागि अधिकतम २५ लि. इन्धन र तीन महिनामा मोविल एक लिटर भन्दा नबढ्ने गरी उपलव्ध गराउन नगर सभाले निर्णय गर्न सक्नेछ ।

(५) ईन्धन सुविधा लिने पदाधिकारीहरुले अनुसूचीको क.सं. १३ बमोजिम यातायात खर्चको सुविधा पाउने छैनन् ।

(६) न्यायिक समितिलाई आवश्यक खर्चको व्यवस्थापन नगर सभाले निर्णय गरे बमोजिम हुनेछ ।

---

८

**अनुसूची-१ (घ)**
**क्रम संख्या १,२,३,४,५,६ र ९ मा संशोधन गरिएको क्रम सं. ११,१२,१३ थप गरिएको**

९

**नोटको क.सं.१ र ३ मा संशोधन क.सं.२ हटाइएको क.सं. ३ लाई क.सं. २ बनाइएको र संशोधन गरिएको क.सं.४ लाई क.सं. ३ बनाइएको तथा संशोधन गरिएको क.सं. ४,५ थप गरिएको**

**अनुसूची(घ) ज्ञ-**
**(संग सम्बन्धित (२) को उपदफा घ दफा)**
**<u>जिल्ला समन्वय समितिका प्रमुखउपप्रमुख तथा सदस्यको सुविधा ,</u>**

| क .सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | सदस्य |
|---|---|---|---|---|---|
| 1. | बैठकभत्ता (प्रति बैठक) | रु. | २५०० | २५०० | १५०० |
| २. | यातायात खर्च (प्रति वैठक) | रु. | - | १००० | १००० |
| ३. | टेलिफोन(मासिक) मोबाइल , | रु. | ८००० | ५५०० | २००० |
| ४. | पुस्तक इन्टरनेट ,पत्रपत्रिका , (मासिक) | रु. | ८००० | ५५०० | २००० |
| ५. | अनुगमन भत्ता आफ्नो)जिल्लाभित्र/प्रति अनुगमन( | रु. | ३००० | २५०० | १००० |
| ६. | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ६००० | - |
| ७. | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तह भन्दा बाहिर/प्रतिदिन) | रु. | २१५० | २१०० | १६०० |
| ८. | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १७५ | १७५ | १५० |
| ९. | सवारी साधन | सरकारी सवारी साधन | १ | - | - |
| १०. | यात्रा दुर्घटना विमा सरकारी ) (कामको सिलसिलामा | रु . | १० लाख | १० लाख | ८ लाख |

नोटः .सं.क (१) -१ को हकमा एक महिनामा बढीमा ४ वटा बैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) क .सं.५ को हकमा आफ्नो जिल्ला भित्रको विकास निर्माण वा सेवा प्रवाहको सम्वन्धमा

**अनुसूची(घ) ज्ञ-**
**(संग सम्बन्धित (२) को उपदफा घ दफा)**
**<u>जिल्ला समन्वय समितिका प्रमुखउपप्रमुख तथा सदस्यको सुविधा ,</u>**

| क सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | सदस्य |
|---|---|---|---|---|---|
| **1.** | **बैठकभत्ता (प्रति बैठक)** | **रु.** | **१०००** | **१०००** | **१०००** |
| **२.** | **यातायात खर्च (प्रति वैठक)** | **रु.** | **-** | **-** | **१०००** |
| **३.** | **टेलिफोन(मासिक) मोबाइल ,** | **रु.** | **८०००** | **७०००** | **६०००** |
| **४.** | **पुस्तक(मासिक) इन्टरनेट ,पत्रपत्रिका ,** | **रु.** | **८०००** | **६५००** | **५०००** |
| **५.** | **समन्वय तथा सहजीकरण भत्ता आफ्नो) जिल्लाभित्र( (मासिक)** | **रु.** | **१२०००** | **१००००** | **५०००** |
| **६.** | **अतिथि सत्कार (मासिक)** | **रु.** | **११५००** | **११०००** | **-** |
| ७. | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तह भन्दा बाहिर/प्रतिदिन) | रु. | २१५० | २१०० | १६०० |
| ८. | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १७५ | १७५ | १५० |
| **९.** | **सवारी साधन** | **संख्या** | **१** | **-** | **-** |
| **१०.** | **यात्रा दुर्घटना विमा सरकारी कामको ) (सिलसिलामा** | **रु .** | **१० लाख** | **१० लाख** | **१० लाख** |
| **११.** | **खानेपानी/विजुली/सरसफाई (मासिक)** | **रु.** | **५०००** | **४०००** | **२५००** |
| **१२.** | **चाडपर्व खर्च (वार्षिक)** | **रु.** | **३००००** | **२८०००** | **१५०००** |
| **१३** | **यातायात खर्च (मासिक)** | **रु.** | **-** | **९००० (सरकारी सवारी साधन उपलब्ध** | **१००० (सरकारी सवारी साधन उपलब्ध** |

| | | | |
|---|---|---|---|
| | | एक महिनामा बढीमा ४ पटकसम्म गरिएको अनुगमनको लागि मात्र उल्लिखित रकम भुक्तानी गर्नुपर्नेछ।<br>)३ .सं.क (७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।<br>)४सम्वन्धित जिल्ला समन्वय समितिवाट कुनैपनि सवारीसाधन उपलव्ध नभएको खण्डमा ( .सं.मात्र क२ बमोजिमको यातायात खर्च उपलव्ध गराउनु पर्नेछ ।जिल्ला समन्वय समितिवाट सवारीसाधन उपलव्ध गराएको पदाधिकारीहरुले पाउने मासिक इन्धन र मोविलको हकमा सम्वन्धित सभाको निर्णय बमोजिम गर्नु पर्नेछ । | \| \| \| \| \| नभएमा) \| नभएमा) \|<br>नोटः .सं.क (१) -१ को **भत्ताको हकमा** एक महिनामा बढीमा २ वटा बैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।<br>(२) क.सं .७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गकर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।<br>)३सम्वन्धित जिल्ला समन्वय समितिवाट कुनैपनि सवारीसाधन उपलव्ध नभएको खण्डमा मात्र ( .सं.क२ बमोजिमको यातायात खर्च उपलव्ध गराउनु पर्नेछ ।<br>(४) क.सं. ९ बमोजिम सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम २२५ लि. इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर र क.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उपप्रमुखलाई अधिकतम १२५ लि. इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर तथा सदस्यलाइ अधिकतम १० लि. इन्धन मासिक र तीन महिनामा मोविल एक लिटर भन्दा नबढ्ने गरी उपलब्ध गराउन जिल्ला सभाले निर्णय गर्न सक्नेछ ।<br>(५) ईन्धन सुविधा लिने पदाधिकारीहरुले अनुसूचीको क.सं. १३ बमोजिम यातायात खर्चको सुविधा पाउने छैनन् । |

| | | | |
|---|---|---|---|
| १० | अनुसूची-१ (ङ) को क्रम संख्या १,२,३,४ र ७ मा संशोधन, क्र.सं. ७ लाई क्र.सं. १० बनाइएको । क्रम सं.७,८,९ र ११ थप गरिएको | (see old schedule below) | (see revised schedule below) |

<u>अनुसूची(ङ) १-</u>

(संग सम्बन्धित (३) को उपदफा घ दफा)

**<u>गाउँ सभासभाका सदस्यले पाउने बैठक भत्ता नगर सभा र उपमहानगर ,</u>**

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | उपमहानगर सभा सदस्य | नगर सभा सदस्य | गाउँ सभा सदस्य |
|---|---|---|---|---|---|
| 1. | बैठकभत्ता (प्रति बैठक) | रु. | २००० | १५०० | १५०० |
| २. | यातायात खर्च (प्रति बैठक) | रु. | १००० | १००० | १००० |
| ३. | पुस्तक पत्रपत्रिका , (मासिक) | रु. | २००० | २००० | २००० |
| ४. | संचार, टेलिफोन/इन्टरनेट (मासिक) | रु. | २००० | २००० | २००० |
| ५ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तह भन्दा बाहिर/प्रतिदिन) | रु. | १६०० | १५०० | १२०० |
| ६ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १२५ | १२५ |
| ७. | यात्रा दुर्घटना विमा सरकारी कामको ) (सिलसिलामा | रु. | ८ लाख | ८ लाख | ८ लाख |

<u>अनुसूची(ङ) १-</u>

(संग सम्बन्धित (३) को उपदफा घ दफा)

**<u>गाउँ सभानगर सभा र उपमहानगर सभाका सदस्यले पाउने बैठक भत्ता ,</u>**

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | उपमहानगर सभा सदस्य | नगर सभा सदस्य | गाउँ सभा सदस्य |
|---|---|---|---|---|---|
| **1.** | **बैठकभत्ता (प्रति बैठक)** | **रु.** | **१०००** | **१०००** | **१०००** |
| **२.** | **यातायात खर्च (प्रति बैठक)** | **रु.** | **५००** | **५००** | **५००** |
| **३.** | **पुस्तक पत्रपत्रिका , (मासिक)** | **रु.** | **२०००** | **२०००** | **१५००** |
| **४.** | **संचार, टेलिफोन/इन्टरनेट (मासिक)** | **रु.** | **१५००** | **१५००** | **१५००** |
| ५ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तह भन्दा बाहिर/प्रतिदिन) | रु. | १६०० | १५०० | १२०० |
| ६ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १२५ | १२५ |
| **७.** | **समन्वय तथा सहजीकरण भत्ता आफ्नो स्थानीय ) (तहभित्र (मासिक)** | **रु.** | **४०००** | **३०००** | **२५००** |
| **८.** | **अतिथि सत्कार (मासिक)** | **रु.** | **४०००** | **२०००** | **१५००** |
| **९.** | **खानेपानी/ विजुली/ सरसफाई (मासिक)** | **रु.** | **१०००** | **१०००** | **१०००** |
| **१०.** | **यात्रा दुर्घटना विमा सरकारी कामको) (सिलसिलामा** | **रु.** | **१० लाख** | **१० लाख** | **१० लाख** |
| **११.** | **चाडपर्व खर्च (वार्षिक)** | **रु.** | **१००००** | **८०००** | **७०००** |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप हुनुपर्ने विषयहरु " **स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयक "** मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १६० बमोजिम यो प्रतिवेदन प्रस्तुत गरेको छु। अन्तमा यो प्रतिवेदन तयार पार्न सहयोग पुऱ्याउने सचिवालयका कर्मचारी सहित सम्पूर्ण विधायन तथा प्रदेश मामिला समितिका माननीय सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु ।

**प्रस्तुतकर्ता**
माननीय नेपालु चौधरी
सभापति
विधायन तथा प्रदेश मामिला
समिति
सुदूरपश्चिम प्रदेश, धनगढी,
कैलाली ।

१२. माननीय सदस्यहरु,

अब म"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भनि प्रदेश सभा नियमावली,२०७४ को नियम १२१ को उपनियम (२) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई अनुमति दिन्छु ।

माननीय सभामुख महोदय स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफल भएको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिबेदन माथि सभामा छलफल गरियोस भनी सुदूरपश्चिम प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपदफा १ को देहाय खण्ड क बमोजिम यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

१३. माननीय सदस्यहरू,

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस।

("हुन्छ"भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस।

("हुन्न"भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" माथि विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

१४. माननीय सदस्यहरू,

अब,"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक"माथिदफावारछलफलसमाप्तभईविधायन तथा प्रदेश मामिलासमितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली,२०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय पूर्णा जोशीलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" २०७७।०२।१४ गते बसेको प्रदेश सभाको दोस्रो बैठकमा आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले टेबुल गर्नु भएको थियो । २०७७।०२।१७ गते सभामा सैद्धान्तिक छलफल भए पश्चात सम्बन्धित विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलका लागि प्रस्तुत भएको विधेयक विभिन्न चरणमा छलफल गरेर समितिले प्रतिबेदन प्रस्तुत गरिसकेको छ । विशेष गरिकन यो हिउदे अधिवेशनमा सम्मानीत सर्वोच्च अदालतले यो हामीले बनाएको कानून लगायत यो ६ वटा प्रदेशमा यो कानून खारेज गरिसकेपछि हिउदे

अधिवेशनमै हामीले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा सम्बन्धी टुङ्ग्याउनु पर्ने थियो कोभिड-१९ लगायतका कारणले गर्दा खेरी हिउदे अधिवेशन बीचैमा स्थगित भयो र यसमा हामी छलफलमा जान पाएनौ तथापी यो ढीलो गरी आएपनि यो विधेयक आएको छ विधेयकका सम्बन्धमा धेरै छलफलहरु भएका छन् समिति भित्र समिति बाहीर विभिन्न ठाउँमा छलफल भएर आपसी समन्वय सरोकारवाला सबैको राय बमोजिम यो संशोधन आएको छ । संशोधनमा भाग लिनु हुने सबै माननीय सदस्यज्यूहरुलाई म धन्यवाद दिन चाहान्छु । हामीले राख्दै आएको कुराहरु भनेको यो विभेद रहित समाजको परिकल्पना गरिएको हो नेपालमा जति पनि आन्दोलनहरु भए राजनितिक आन्दोलनहरु सबैको मुल मक्सद भनेको सबै प्रकारका राजनितिक, सामाजिक विभेदहरुलाई अन्त्य गर्नु थियो त्यो विभेदको एउटा चाही एउटा अंश विभेदको एउटा रुप तस्वीर यो विधेयकहरुमा पनि देखिन्थ्यो त्यसैले गर्दा पनि राजनितिक रुपमा विभिन्न बर्ग समुदाय महिला पुरुष सबै सहभागि भएका छन र त्यो सहभागितालाई सम्मान पूर्ण तरिकाले कानूनमै व्यवस्था गर्न सकिएन भने परिवर्तनको औचित्य हुदैन तसर्थ यो कानून परिस्कृत भएर आएको छ यसमा म धन्यवाद दिन चाहान्छु । विशेष गरिकन सुविधाहरु सुविधा भन्नाले पैसा सँग मात्र सम्बन्धीत छैन यदाकदा माननीय मन्त्रीहरुले मुख्यमन्त्री लगायतको सबैको सुविधा बढेको छ यसमा पैसामा यसलाइ कन्भर्ट गरेर हेर्ने गरिन्छ यो पैसाको कुरा मात्र होइन आत्म सम्मान, आत्म स्वाभिमान र राजनितिक भूमिकाको कुरा भएको हुनाले यो भूमिका देखिने गरिकन यो संशोधित विधेयकमा प्रस्त भा को छ हामीले यहा जति गर्न सक्थ्यौ यो प्रदेशको क्षमताले त्यसको मुखरित भएको मलाइ महसुस भएको छ । विशेष गरिकन यो सरकारी गाडीहरु उपलब्ध हुन नसकेको खण्डमा अहिले चाहि स्थानीय तहमा उपप्रमुखहरुको भूमिका विशेषगरिकन उहाहरुले एउटा कानूनी एउटा संयोजनको उहाहरुले गर्नु हुन्छ भने अर्को तिर उहाहरु अनुगमनकर्ताको रुपमा पनि संविधानमा व्यवस्था गरेको छ त्यस कारणले गर्दा खेरी सुविधाको मामिलामा धेरै ठुलो एउटा खटपट देखिन्थ्यो उहाहरुले नपाइरहेको अथवा आवश्यक अनुगमन गर्न नसकेको अवस्था थियो यो कुराहरुलाई थोरै भए पनि यो कानूनमा हामीले व्यवस्था गरेका छौ । त्यसै गरिकन मैले अलिकति खड्केको कुराहरु के छ भने यो जिल्ला समन्वय समितिको उपप्रमुखहरुको यो यातायात खर्चको ठाउँमा चाहि संशोधन अझै पनि गर्नुपर्छ जस्तो मलाई लाग्छ किन भने उहाहरु समन्वय समग्र अनुगमनकर्ताको पनि अनुगमनकर्ता हो समन्वय सम्पूण समन्वयको पनि समन्वय गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिको हुने भएकोले उहाहरुलाइ उहाहरुको पदीय मर्यादा अनुसार पनि यो अंकमा चाहि ९ हजारको व्यवस्था गरिएको छ उहाहरुलाइ कम्तीमा पनि १२ हजारको यो सुविधा गर्नुपर्छ जस्तो मलाइ लाग्छ त्यस कारणले यहानिर एउटा पदीय गरिमाको कुराहरु पनि पैसासँग

जोडिदिनको लागि मैले थोरै हुन्छ तर पनि त्यो कुरा देखाइदिनको लागि म अनुरोध गर्दछु । त्यस्तै गरिकन अर्को कुराहरु यो कसैको पनि हामीले परिकल्पना गर्दैनौ यो सरकारले पनि यसरी ल्यएको छैन हामीले सबै भूमिकाहरुलाई कुनै पनि भूमिकाहरुलाई मान मर्दन नगर्ने गरिकन सबैका एथोचित भूमिकाहरुलाई सम्मान शब्दमा पनि सम्मान कानूनमा पनि सम्मान राजनितिक रुपमा सम्मान र थोरै भए पनि पैसामा पनि सम्मान गर्ने कोशिष गर्नु पर्छ हाम्रा आप्ना यो व्यवहारले यो प्रदेशमा बन्ने कानूनहरुले त्यो कुराहरु देखाउनु पर्ने भएको हुनाले यो समय अनुकुल यो विधेयक चाहि परिवर्तन यो कानून परिवर्तन भएको छ कानून परिवर्तनको निमित्त सहभागि हुने सबै माननीय सदस्यज्यूहरु यो प्रदेश सभा प्रदेशको मन्त्रालय प्रदेशको मुख्यमन्त्रीज्यू लगायत सबैको एउटा अन्तिममा सहमति जुटेको छ । लामो समय छलफल भयो धेरै सहमति असहमतिहरु भए कितपय ठाउँहरुमा हामीहरुले असहमत हुनु पर्ने किसिमका परिस्थितिहरु पनि थिए यो सबै समन्वयको अन्तिममा सरकारले नेतृत्व गरेको छ । सरकारले स्वीकार गरेको छ तसर्थ म प्रदेशको विशेष गरिकन यो कानून विधेयक प्रस्तुतकर्ता माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यू लगायत प्रदेश सरकारलाई समितिलाई र हामी सबैलाई धन्यवाद दिदै म विदा हुन्छु धन्यवाद ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय आज हामी "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधनको प्रक्रियामा प्रस्ताव आएको छ । यहा दुखका साथ भन्नु पर्छ जब सर्वोच्च अदालतले संविधानमा व्यवस्था भएको कुरा पारिश्रमिक शब्द स्थानिय तहका पदाधिकारीलाई नभएको हुनाले हामीले बनाएको ऐनमा त्यो कमी भएका कारणले त्यसलाई खारेज गरेको थियो त्यो शब्दले गर्दा त्यसैले ऐन कानून बनाउदा हतारमा बनाउनु हुदैन संविधानको मुल स्पीड भन्दा बाहिर जानु हुदैन त्यसलाइ झाला टार्ने किसिमले कुनै पनि ऐन बनाउनु हुदैन त्यसमा धेरै सोच विचार गरेर कानूनका विज्ञहरु लाइ राखेर सरोकारवालालाइ राखेर बनाउदा अलिकति परिस्कृत ऐनको रुपमा आउन सक्छन मलाई लाग्छ हामीले धेरै बनायौ धेरै त्रुटिहरु र कमिकमजोरीहरु छन यसको पुनरावलोकन गर्नुपर्ने हुन्छ हामीले बनाएका ऐनमा र अब अस्थी मात्रै २०७६ साल जेष्ठ १५ गते संघीय सरकारले सबैको तलवमान बढाएको थियो प्रदेश सरकारले प्रक्रिया पुरा गर्न क्याविनेटले पास गरेर प्रदेशको राजपत्रमा प्रकाशित गर्नुपर्ने अरु केहि गर्न नपर्ने साउन महिनाभरी गरिसक्नु पर्ने अहिले आएर गरेर यो धेरै भाइरल भएर यो सुविधा बढाएर खायो प्रदेशका सांसदहरुले सरकारले भनेर यो बडा बेइजति भा को छ र यसको पनि हुन्छ किन भन्दा यो कार्तिकमा भएको कुरालाई हिउदमा यो आइसके यहि कुरालाई टुङ्ग्याउनु पर्नेमा अहिले आएर भा को छ यो पनि भाइरल हुन्छ तर यो हाम्रो कर्तव्य हो र मिडियाका साथिहरुले पनि यसलाइ बस्तुगत रुपमा बुझिदिन पनि

म आग्रह गर्न चाहान्छु । जहासम्म यो गाउँपालिकाका पदाधिकारी नगरपालिकाका पदाधिकारी र सदस्यहरु र उपमहानगरपालिका र जिल्ला समन्वय समिति स्थानीय तह हुन भनेर हामीले भनेका छौ संविधानले भनेको छ यिनका आफ्नो दायित्व छ अब जहा सम्म यो हिजो सम्म अब यसलाइ संशोधन गर्ने कुरामा सरकार र समितिका बीच बडा खिचातानी नै थियो र मलाई लाग्छ हामीले राम्रो सँग यसलाई अध्ययन गर्न पाएका छैनौ तर बाध्यता छ आज हामीले पास गर्नुपर्ने किन भने १० गते त गाउँपालिका, नगरपालिका नगरसभा र गाउँ सभाहरु छ उनीहरुले पनि बार्षिक बजेटमा त त्यो यहा के हुन्छ त्यो अनुसार बार्षिक बजेट तयार गर्दा राखु पर्ने हुन्छ तर आज हाम्रो यो बाध्यता भा को छ अब यसमा पनि कतिपय कमजोरीहरु देखिन्छ जस्तो अब यो भ्रमणकै कुरा गर्दा समानता छैन चाहे त्यो विदेश भ्रमण गर्दा रकमको समानता हुनु पर्छ । स्वदेशमा पनि आखिर एउटै होटेल एउटै परिवेशमा बस्ने हो र अर्को कुरा स्वदेशमा पनि भ्रमण गर्दा एउटै किसिमको हो खर्च लाग्ने यसमा पनि असमानता जस्तो मैले देखेको छु यो कार्यपालिका सदस्यहरुमा पनि असमानता देखेको छ जस्तो मलाई लाग्छ जहासम्म यो बारेमा धेरै कुरा बोलीहाल्नु पर्ने छैन बोल्नु पर्ने कुरा त धेरै छ बोल्नु पर्ने अवस्था छैन र यहा के भन्ने गरेको छ भने राजनितिक मान्छेहरुले तलब भत्ता किन खान्छन भनेर बारम्बार कोइसन हुन्छ मलाई के लाग्छ भने राजनितिक गर्ने पनि मान्छे हुन बास्तवमा नेपालका राजनिति गर्ने मान्छेहरुको तलब भत्ता विश्वमा कुनै यस्तो कन्ट्री छैन यो तलब भत्ता यस्तो खालको तलब भत्ता कसैलाई पनि छैन तर हाम्रो सबैको आखा जनप्रतिनिधीकै तलब भत्ता र सेवा सुविधामा छ अब यो सेवा सुविधा तलब भत्ता हामीले लिइसकेपछि हाम्रो जवाफ देहिता चाहि बढ्छ है र हाम्रो क्रियाकलापले यो तलब भत्ता सेवा सुविधा जो हामी लिन्छौ हाम्रो क्रियाकलापले यो कुरा ठिकै हो भन्ने खालको जनमानसमा आउनै पर्छ तर हामी खाली तलव भत्ता सुविधा लिएर हाम्रो चाहि क्रियाकलाप त्यो भएन भने साच्चीकै गुनासो पनि आउनु पर्छ । त्यसैले जति यो ऐनले जुन हामीले आज यो ऐन बनाउदै छौ यो विधेयक पास गर्दै छौ र स्थानीय तहका पदाधिकारीहरुलाई अझ बढी जवाफदेहीता थपिएको मैले महसुस गरेको छु किन भन्दा यो एउटा जवाफदेहीता पनि थपियो त्यसैले विगतमा भएका कामकारवाहीलाई राम्रो सँग समिक्ष विश्लेषण गरेर आगामी दिनमा हामीले आफ्नो कार्य क्षेत्रमा संस्थागत चरित्रका आधारमा आफ्नो कार्य क्षेत्रमा हामीले कसरी आफ्नो कार्यक्रमहरुलाई प्रभावकारी ढंगले अगाडी बढाउने जसबाट हामीले नतिजा निकाल्नै पर्छ त्यो दायित्व हामीलाई बढी थप भएको मैले महसुस गरेको छु अब यो सरकार धेरै दौडि राख्या हुनाले पनि होला फुर्सद छैन पसिना छुटेका छन यो सरकारलाई बास्तवमा कुन कुरा कतिबेला कसलाई प्राथमिकता दिनु पर्ने हो भन्ने कुराहरु पनि अब कामको धेरै व्यस्थता छ बडा गारो छ अब यो साहेद हामीले त भन्ने गर्या थियौ तपाइहरुका पसिना छुटेका छन दौडदा दौडदा

यहाबाट गौरीफण्टा गौरीफण्टाबाट अत्तरिया अत्तरियाबाट सदन गारै छ यो सरकारलाई बडा आपत छ ७ वटा प्रदेशका सरकार मध्य सब भन्दा गारो यहाको सरकारलाई छ किन भने दौडि राखेकै छन् अब हामीले के भन्या हौ भन्दा खरि तपाइहरुलाई धेरै ठुलो भो हामीहरु पनि सेयर गरौ न त हामी पनि सँगै जाउ भन्दा दौडेकै छन हामीलाई ती सहयोगी हातहरु चाहे सत्तापक्षका साथिहरु चाहे प्रतिपक्षका साथिहरुका ती सहयोग हातहरुलाई पनि साहेद गरु नी त त्यो पसिना धेरै फुटे आधा सम्म हामी पनि फुटाउ भन्दा खेरी ती हातहरुलाई लिन सकेको अवस्था छैन तर मेरो विनम्र अनुरोध छ सभामुखज्यू मार्फत तपाइहरु प्रायरिटीलाई हेरिदिनुहोस कुन कुरा कसबेला गर्ने यसलाई हल्का ढंगले यो सदनलाई युज नगरिदिनुहोस यसलाई खाली प्रयोग गर्ने शाला मात्र नबनाइदिनुहोस यसका पनि धेरै भेलु छन यो प्रदेश सदनको पनि भेलु छ यसका पनि नम्सहरु छन त्यसैले गर्दाखेरी यसलाई मर्यादित तरिकाले कुन कुरा कतिबेला गर्नु पर्ने हामीले बारम्बार भनेको प्रदेश सरकारको आवश्यकता के हो कुन किसिमका ऐन नियमहरुलाई प्राथमिकता दिनु पर्ने ल्याउनुहोस यहा त यो सजिलै सँग तपाइहरुलाई अप्ठ्यारो छैन जे जे भन्यो हामी तालि बजाएकै छौ । चुप लागेर पनि समर्थन गरेकै छौ । फस्टट्राकबाट पनि गरेकै छौ त्यसैले गर्दा खेरि राम्रो काम गर्न खोजेर पनि त्यसमा पनि विरोध आइहाल्नु पर्ने ढंग पुग्या छैन त्यसैले गर्दा खेरि मेरो आग्रह छ सभामुखज्यू मार्फत आगामी दिनमा कुनै पनि कुरा प्राइरिटीका के हुन प्राइरिटीको आधारमा तपाइहरु अगाडी बढ्नुहोस प्रदेश सभाका सदस्य तपाईहरुका साथमा छन् ए हामीलाइ सहभागि बनाउ जवाफदेही बनाउ भनेर सबै लागेका छन् अब व्यक्तिगत आलोचना त क्रियाकलापबाट त हुन्छन त कामको पफमेन्सको आधारमा त टीकाटिप्पणी हुन्छ नी किन नहुने त्यसैले सरकारमा गति आवस भन्ने हाम्रो चाहाना हो यो परिणाममुखि बनोस भन्ने हाम्रो चाहाना हो । प्रदेशबासिको चाहाना हो त्यसैले यो प्रदेश अवसर पनि हो चुनौति पनि हो मैले भन्ने गरेको छू हामी नमुनाका प्रतिनिधी हुने कि सुपात्र हुने कि कुपात्र हुने अहिलेका जनप्रतिनिधीहरुले अहिलेको सरकारले कस्तो जग विसाउछ अहिले धेरै कुरा हुन्छ भनेर म भन्दीन म अफिसिएल्टी कुरा गर्दिन तर जग कति राम्रो बलियो बनाउछ कि बनाउदैन पछी आउने जनप्रतिनिधीलाई त्यो सहज हुन्छ कि हुदैन त्यसैले सरकारमा बसेका साथिहरुले बडा सिनसियर भएर जिम्मेवारी पूर्वक हाम्रो आवश्यकता के हो आवश्यकता पहिचान गरेर त्यसलाई प्राइरिटीमा राखेर अगाडी बढौ हरेक क्षेत्रलाई सबैलाई सहभागि बनाएर परिणाम मुखी काम गर्ने तर्फ लागौ भनेर म सभामुखज्यू मार्फत एउटा सुझाव दिन चाहान्छु धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन लाई हामीले संशोधन गरेर हामी छलफल गर्दै छौ गत कार्तिक महिनाको १ गते देखि सम्मानीत सर्वोच्च

अदालतले हामीले बनाएर स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा सम्बन्धमा हामीले जुन ऐन बनाएका थियौ त्यसमा हाम्रो त्रुटी भएको थियो र कार्तिक महिनामै खारेज भैसकेको थियो । त्यस पछि स्थानीय तहका पदाधिकारी सदस्यहरुले चाहि निरास भएका थिए कति वडा अध्यक्षहरु कार्यालय जान पनि छोडि सकेका थिए आज हामी धेरै भए पनि माननीय भरत खड्काले यहा सरकारको बारेमा प्रश्न उठाउनु भयो तर म त यो सरकारलाई धन्यवाद दिन चाहान्छु सबै कुरा समय मै गर्छ यो सरकारले बहुत छिटो गर्छ यो सरकारले त्यस कारणले यो सरकार प्रसंसयोग्य सरकार छ । साच्चीकै भन्ने हो भने यो समितिमा गएर दफावार छलफलका लागि गएर समितिमा गएर चाहि विभिन्न हाम्रा आदणीय माननीयज्यूहरुले धेरै छलफल पछि एकदमै सुझबुझका साथ काटछाट गरेर सबै मिल्ने गरी हेर्नु भएको छ यो सकारात्मक छ राम्रो छ र यो कुराले गर्दा हामी प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी सदस्यहरुको बारेमा जब हामी सुविधाको बारेमा हामी ऐन पास गर्दै छौ साच्चीकै एक खालको खुशी एक खालको उत्साह पनि आउने छ भन्ने जस्तो मलाई लाग्छ त्यस कारणले यहा धेरै कुराहरु मिलाएर आएकोछ यो ठिक छ तर यसलाई हामी एउटा कार्तिक महिनै देखि गएको २०७६ कार्तिक महिना देखि नै दिइने भनिएको छ यो कुराले गर्दा पनि अलिकति धेरै उत्साहित हुनु पर्ने अवस्था यहा बनेको छ त्यस कारणले यो सबै ठिक छ यसको समर्थन गर्दछु मेरो भनाइ यति नै राखु धन्यवाद ।

१५. माननीय सदस्यहरू,

"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ।

१६. माननीय सदस्यहरू,

अब विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु।

माननीय सभामुख महोदय "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" माथि माननीय सदस्यहरुका महत्वपूर्ण दृष्टिकोणहरु सुझावहरु विचारहरु यहा प्रस्तुत भएका छन् म यसका निम्ती माननीयज्यूहरुलाई धन्यवाद दिन चाहान्छु । "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐनमा हामी छलफल गरिरहदा मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमक सेवा सर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको कानून ऐन २०७५ माथि त्यसै गरेर प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक सेवा

सर्त र सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४ माथि पनि चर्चा चल्यो यहा जसरी बाहिर चर्चा भैरहेको छ टिकाटिप्पणी र आलोचना पनि भैराखेको छ त्यसको प्रतिविम्बन यो सभामा हुनु पनि अस्वभाविक पनि होइन तर हामी सबैलाई थाहा छ नेपाल सरकारले आर्थिक बर्ष २०७६।०७७ को बार्षिक बजेट विनियोजन विधेयकमा नै राष्ट्रसेवक कर्मचारीहरुको गजेटेट अफिसरहरुको १८ प्रतिशतले वृद्धि गरेको, ननगजेटेड अफिसरहरुको अर्थात कर्मचारीहरुको २० प्रतिशतका दरले यो तलब वृद्धि गरेको कुरा हामी सबैलाई जानकारी नै छ हामीले अरु प्रदेशलाई पनि हेर्यौं र नेपाल सरकारले निर्णय गरिसके पछि संघीय संसदले कुन ढंगले अगाडी बढाउछ र अन्य प्रदेशहरुले यो कुरालाई यो निर्णयलाई यो कानूनलाई कसरी अगाडी बढाउछन भन्ने सन्दर्भमा यो प्रदेश सरकारले एकदमै सचेत भएर हामीले अध्ययन गरिरह्यौ र हामी सबैलाई के कुरा पनि थाहा छ भने प्रदेश सभाका पदाधिकारी र सदस्यहरुको पारिश्रमकि र सेवा सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको कानून जुन छ ऐन छ त्यो यसै सम्मानीत सदनबाट पारित भएको ऐन हो त्यसैले दिशा निर्दिश गरेको छ प्रदेश सरकारलाई अनुसूचीमा न्यूनतम रकम कायम रहने गरि हेरफेर गर्न सकिने छ अनुसूची भन्ने त्यो ऐनको दफाले प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन गरेको छ अधिकार दिएको छ र मुख्यमन्त्री र मन्त्रीको पारिश्रमक सेवा सर्त सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ ले पनि यो कुरालाई त्यो ऐनको दफाले मार्ग प्रसस्त गरेको छ प्रदेश ५ ले असोजमा संघीय सरकारको निर्णयलाई समायोजन गरेर उसले निर्णयमा अगाडी बढ्या छ । हामीले त्यसपछि गण्डकी प्रदेशलाई हेर्यौं उसले कार्तिकमा गर्यो अन्य प्रदेशहरुलाई पनि हेरी रहेका थियौ र हामी सबैलाई थाही छ मुख्यसचिव देखि कार्यालय सहयोगी सम्म सबैको उक्त निर्णयले तलव भत्ता वृद्धि भएको कुरा हामी सबैलाई जानकारी नै छ र प्रदेश सरकारले धेरैपछि आयो बास्तवमा हामीले साउनमा नै आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रस्ताव तयार गरेर क्याविनेटमा लगेको कुरा हामी सबैलाई थाहा नै छ र हामी हेरी रहेका थियौ अवस्थालाई कसरी देश बढ्छ कसरी अरु प्रदेशहरुले यो निर्णयहरुलाई आफ्नो प्रदेशमा लागु गर्छन भनेर हामी हेरीरहेका थियौ त्यसपछि असोजमा गएर प्रदेश मन्त्रीपरिषद्को मिनिक्याविनेट भन्छ त्यहाको समितिमा विषयगत समितिमा त्यो छलफलमा दर्ज भएको थियो पछि आएर हामीले फाल्गुनमा यो लकडाउन हुनु पूर्व कोभिड-१९ महामारीको प्रकोप हाम्रो प्रदेशमा देखा पर्नु पुर्व सबै प्रदेशले संघले प्रदेशले सबैले यो निर्णयलाई कार्यान्वयन गरिसकेपछि हामीले वृद्धि गर्ने कुरा हैन यो बाहिर वृद्धि गरियो सुविधा वृद्धि गरिइ पारिश्रमिक वृद्धि गरियो भन्ने जुन चर्चा आएको छ त्यस्तो होइन हामीले घटाएर १८ प्रतिशत २० प्रतिशतले होइन प्रदेशका मन्त्रीहरुले र सुविधा पाउने समितिका सभापतिज्यू माननीय सभापतिज्युहरुले प्रमुख सचेतक सचेतक माननीयज्यूहरुले १६ प्रतिशतका

दरले १८ बाट हामीले १६ प्रतिशत त्यो मिलान गरेका छौ त्यो निर्णयको कार्यान्वयन गरेका छौ तर यहा चर्चा हुन्छ हामीले नै कानून बनाउछौ हामीले नै दिशा निर्देश गर्छौं यही भित्र आवाज उठ्छ प्रदेश सरकारले यो नगर्ने काम गर्यो अलोकपृय काम गर्यो भनेर यहा भित्र पनि त्यसको प्रतिविम्बन त्यसको रिफलेक्सन बाहिर मिडियामा पनि पर्छ त्यसैले हामी आफैले पनि निर्णय गरेका कुराहरु हामीले आफैले बनाएका कानूनलाई हामी आफैले सम्मान गर्ने हो हामीले गरेको कुरालाई कुनै लुकाउनु छैन मै माग्ने ढुंग्रो लुकाउने जस्तो संस्कृतिले हाम्रो समाज हाम्रो देश हाम्रो राष्ट्र अगाडी बढ्न सक्दैन हामीले कानूनमा टेकेर हामीले निर्णय गरेका छौ संघीय सरकारले आर्थिक बर्षा २०७६।०७७ को बजेटमा ल्याई सकेपछी धेरै पछि हामीले अरु प्रदेशहरुलाई पनि हर्यौ त्यो अनुपातमा हामीले समायोजन र मिलान होइन कि हामीले घटाएर हामीले प्रदेशमा लागु गरेका छौ यो कानूनले दिएको अधिकार हो यो सम्मानीत सदनले बनाएको कानूनले प्रत्यायोजित गरेको अधिकार हो यसलाई त्यस ढंगबाट बुझिदिन हुन म सबैमा अनुरोध गर्न चाहान्छु । जहा सम्म यो "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ छ यसमा हामीले प्रदेशको मन्त्रिपरिषद्ले प्रस्ताव गरेको दस्तावेज हामीले पारिश्रमिक होइन सेवा र सुविधा हामीले प्रस्ताव गरेका थियौ तर स्थिति यस्तो बन्यो कि स्थानीय जनप्रतिनिधीहरुको डेलिकेशन हाम्रा माननीयज्यूहरुको दवाव लविङ यो सबै कारणले हामीले पारिश्रमिक भनेर उल्लेख गर्नु पर्ने भयो यद्यपी त्यसलाई सर्वोच्च अदालतले त्यसलाई इनभ्यालिट गरिदियो त्यो इनभ्यालिट गरिसकेपछि हामीले सर्वोच्च अदालतको निर्णय मुदाविक र स्थानीय तहका जनप्रतिनिधीहरुको समस्यालाई शिघ्र हामीले सम्बोधन गर्नु पर्ने थियो त्यसमा सामुहिक सुधार गर्नु पर्ने थियो संशोधन गर्नु पर्ने थियो त्यस विषयमा प्रदेश सरकारले माननीयज्यूहरुका सुझावहरु समितिको निर्णय छलफलमा उठेका विषयबस्तुहरुमा गम्भिरता पूर्वक सहभागि भएर हामी आज यो पारित गर्ने चरणमा छौ र म छलफलमा सहभागि हुनुहुने माननीय पूर्णा जोशी, माननीय भरत बहादुर खड्का, माननीय कृष्ण चौधरी सबै माननीयज्यूहरु प्रति धन्यवाद व्यक्त गर्न चाहान्छु यहाहरुका महत्वपूर्ण विचारहरु र गहकिला सुझावहरुले यो विधेयकलाई अझ परिस्कृत, उन्नत र परिपक्क पार्नमा सहयोग पुर्याउने छ भन्नेमा विश्वास लिएका छौ र पुन: यहाहरुका महत्वपूर्ण भनाइका लागि धन्यवाद दिन चाहान्छु मेरो भनाइ यही अन्त्य गर्न चाहान्छु धन्यवाद ।

१७. माननीय सदस्यहरू,

अब,म "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" माथिदफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि १० (दश) सम्मका उल्लेखित

संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस् भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली,२०७४ को नियम ११६ बमोजिम समुहीकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस।

(हुन्न भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या१ (एक) देखि१० (दश) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

१८. माननीय सदस्यहरू,

अब म,विधेयकका २ देखि ६ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरू, उपदफाहरू तथा अनुसूची १(क), अनुसूची १(ख), अनुसूची १(ग), अनुसूची १(घ) र अनुसूची १(ङ)"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक"को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुतगर्दछु।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न"भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस।

(हुन्न भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ६ सम्मका दफाहरू, अनुसाङ्गिक अन्य दफाहरु, उपदफाहरू तथा अनुसूची १(क), अनुसूची १(ख), अनुसूची १(ग), अनुसूची १(घ) र अनुसूची १(ङ) सर्वसम्मतीले "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" को अंङ्ग बनेको घोषणा गर्दछु।

१९. माननीय सदस्यहरू,

अब, म विधेयकको नाम पढेर सुनाउछु ।

**<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२०. माननीय सदस्यहरू,

अब मविधेयकको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस।

(हुन्न भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक" को अङ्ग बनेको घोषणा गर्दछु ।

२१. माननीय सदस्यहरू,

अव मविधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६"लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

माननीय सभामुख महोदय प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" लाई सभाबाट पारित गरियोस भनी यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

२२. माननीय सदस्यहरू,

अबम आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस।

(हुन्छ भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस।

(हुन्न भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक" सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

२३. माननीय सदस्यहरू,

"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" माथिको कारवाही यही समाप्त हुन्छ।

२४. माननीय सदस्यहरु,

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७७ साल आषाढ १० गते बुधबार बिहान ०८:०० बजे हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।